आज मिति २०७६।१०।२० गते सोमबारका दिन यस दार्मा गाउँपालिका अध्यक्ष श्री निमबहादुर के.सी.ज्यूको अध्यक्षतामा दार्मा गाँउकार्यपालिकाको बैठक यस दार्मा गाउँपालिकाको कार्यालयमा तपसिल वमोजिमको उपस्थितिमा बसी तपसिल बमोजिमका प्रस्तावहरुमा छलफल भई देहाय बमोजिमको निर्णयहरु पारित गरियो ।

**उपस्थिति :**

| | |
|---|---|
| १. श्री निमबहादुर के.सी. | अध्यक्ष, दार्मा गाउँपालिका |
| २. श्री टीका शर्मा वली | उपाध्यक्ष, दार्मा गाउँपालिका |
| ३. श्री अमृत खड्का | निमित्त प्रमुख प्रशासकीय अधिकृत |
| ३. श्री कविकुमार चन्द | वडा नं. १, वडा अध्यक्ष |
| ४. श्री डिल्ली बहादुर के.सी. | वडा नं. २, वडा अध्यक्ष |
| ५. श्री सेतिराम रोकाहा | वडा नं.३ ,वडा अध्यक्ष |
| श्री चन्द्र बहादुर रावत | वडा नं. ४, वडा अध्यक्ष |
| ७. श्री रामबहादुर के.सी. | वडा नं. ५, वडा अध्यक्ष |
| ८. श्री दुर्गा बहादुर मल्ल | वडा नं. ६, वडा अध्यक्ष |
| १०. श्री अमृता कामी | कार्यपालिका सदस्य |
| ११. श्री सन्ताराम कामी | कार्यपालिका सदस्य |
| १२. श्री मञ्जु शाही | कार्यपालिका सदस्य |
| १३. श्री जुना मल्ल चन्द | कार्यपालिका सदस्य |
| १४. श्री देवी खत्री | कार्यपालिका सदस्य |
| १५. श्री धनिराम नेपाली | कार्यपालिका सदस्य |
| १६. श्री किरण गौतम | रोजगार संयोजक |

**छलफल गरिएका विषयहरु/प्रस्तावहरु**

१. जनता आवास कार्यक्रम कार्यान्वयन सम्बन्धमा ।

२. दार्मा गाउँपालिकाको प्रशासकीय भवन माग गर्ने सम्बन्धमा ।

३. नमुना वडा निर्माणका लागि प्रस्तावना माग गर्ने सम्बन्धमा ।

४. योजना संशोधन सम्बन्धमा ।

५. गौरीकुण्ड घटनाका पीडितलाई राहत वितरण सम्बन्धमा ।

६. अति बिपन्न किसान-सरकार हातेमालो कार्यक्रमका लागि वडा छनौट सम्बन्धमा ।

७. वैकल्पिक ऊर्जाको रकम बाँडफाँड सम्बन्धमा ।

८. ढाकाडाम स्वास्थ्यचौकीको खानेपानीका लागि समपुरक बजेट व्यवस्थापन सम्बन्धमा ।

९. लेन्थ वर्कर छनौट सम्बन्धमा ।

१०. ब्याक हो लोडर चालक भत्ता निर्धारण सम्बन्धमा ।

निर्णयहरु :

१. **प्रस्ताव नं. १** माथि छलफल गर्दा दार्मा गाउँपालिकामा कर्णाली प्रदेश जनता आवास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७५ का लागि वस्ती छनौट गर्न प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा सम्बन्धित वडाको वडा अध्यक्ष सदस्य, अल्पसङ्ख्यकबाट प्रतिनिधित्व गर्ने कार्यपालिका सदस्य २ जना सदस्य र गाउँपालिकाको प्राविधिक एक जना सदस्य रहनेगरी अनुगमन समिति गठन गरियो । गठित समितिले वडा समितिले सिफारिस गरेका वस्तीहरुमा पुगी २०७६ माघ २५ गतेभित्र अनुगमन प्रतिवेदन आउनेगरी अनुगमन गर्ने निर्णय गरियो ।

२. **प्रस्ताव नं. २** माथि छलफल गर्दा मिति २०७६।०९।२४ गतेको नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय स्थानीय पूर्वाधार विभाग स्थानीय तहको प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम समन्वय इकाई, ललितपुरको सूचना बमोजिम दार्मा गाउँपालिकाको प्रशासकीय भवन निर्माणका लागि डिपिआर लगायत आवश्यक कागजातसहित आयोजना प्रस्ताव पेश गर्ने निर्णय गरियो । साथै प्रशासकीय भवन निर्माणका लागि कार्यविधि बमोजिम हुन आउने ४० प्रतिशत रकम गाउँपालिकाबाट साझेदारी गर्ने निर्णय गरियो ।

३. **प्रस्ताव नं. ३** माथि छलफल गर्दा गाउँपालिकामा नमुना वडा निर्माण योजना कार्यान्वयनका लागि १५ दिने सूचना आह्वान गरी प्रस्तावना माग गर्ने निर्णय गरियो ।

४. **प्रस्ताव नं. ४** माथि छलफल गर्दा वडा नं. २ बाट योजना परिमार्जनका लागि आएको सिफारिस बमोजिम गाउँसभाबाट करारुख-नेटापिपल सिचाई योजनामा रु. ५,००,०००।- (अक्षरुपी पाँच लाख रुपैयाँ मात्र) विनियोजन भएकोमा सो योजनाका लागि कर्णाली प्रदेस सरकारबाट बजेट विनियोजन भइसकेको हुँदा उक्त आयोजनाका लागि विनियोजित बजेट परिमार्जन गरी लिगाचौर-भिरादेउन-खल्टाकुरी सडकमा विनियोजन गर्ने निर्णय गरियो ।

साथै वडा नं. ४ को रातामाटाघाट पर्यटन पूर्वाधार विकास योजनामा विनियोजित बजेट कम भएका कारण सो रकमबाट योजना कार्यान्वयन गर्न नसकिने भएको हुँदा सो आयोजनामा विनियोजित बजेट रकम रु. ३,००,०००।- (अक्षरुपी तीन लाख रुपैयाँ मात्र) ४ नम्बर वडा कार्यालय तला थप योजनामा रकम अभाव भएको हुँदा वडा कार्यालयको सिफारिस बमोजिम थप गर्ने निर्णय गरियो ।

५. **प्रस्ताव नं. ५** माथि छलफल गर्दा भारतको गौरीकुण्डमा मिति २०७० असार ३ गतेको घटनामा ज्यान गुमाउने व्यक्तिको परिवारलाई प्रतिपरिवार १५ हजारका दरले राहत रकम प्रदान गर्ने निर्णय गरियो । उक्त रकम लिनका लागि आवश्यक कागजातसहित पीडित परिवारबाट निवेदन लिई 'भारतको गौरीकुण्ड घटनामा परी ज्यान गुमाएकाहरुको परिवारलाई सहयोग कार्यक्रम' शीर्षकबाट प्रदान गर्ने निर्णय गरियो ।

६. **प्रस्ताव नं. ६** माथि छलफल गर्दा अति बिपन्न किसान-सरकार हातेमालो कार्यक्रमका लागि दार्मा गाउँपालिकाको वडा नं. २ लाई छनौट गर्ने निर्णय गरियो ।

७. **प्रस्ताव नं. ७** माथि छलफल गर्दा वैकल्पिक ऊर्जाको लागि संघीय सरकारबाट प्राप्त सशर्त अनुदान रकम रु. १३,००,०००।- (अक्षरुपी तेह्र लाख रुपैयाँ मात्र)मध्ये ५ लाख रुपैयाँ सडकमा सोलार बत्ती जडानका लागि विनियोजन

गर्ने र ८ लाख रुपैयाँ बायोग्याँस प्लान्ट निर्माणको लागि विनियोजन गर्ने निर्णय गरियो । बायोग्याँस प्लान्टको रकममा कन्टेन्जेन्सी कट्टी नगर्ने र रकम साझेदार गर्ने कम्पनीलाई बायोग्याँस प्लान्ट निर्माणमा प्राथमिकता दिने निर्णय गरियो ।

८. **प्रस्ताव नं. ८** माथि छलफल गर्दा ढाकाडाम स्वास्थ्यचौकीमा खानेपानीको व्यवस्था गर्नको लागि स्वच्छता परियोजनासँगको साझेदारीमा योजना कार्यान्वयन गर्न आवश्यक समपुरक रकम ६ लाख रुपैयाँ वडा नं. ५ अन्तर्गत प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि गाउँपालिकाले विनियोजन गरेका झाँक्रीका मुल-ढाकाडामकोट खानेपानी मर्मत आयोजनाको ३ लाख रुपैयाँ, स्याला तिम्लाचौर खानेपानी मर्मत आयोजनाको १ लाख रुपैयाँ, स्याला छरिखोला खानेपानी आयोजनाको १ लाख रुपैयाँ, बराखोला टाकुरा खानेपानी मर्मत आयोजनाको १ लाख रुपैयाँ कटौती गरी सो योजनामा विनियोजन गर्ने निर्णय गरियो ।

९. **प्रस्ताव नं. ९** माथि छलफल गर्दा दार्मा गाउँपालिकाका सडकहरुको मर्मत सम्भार गर्नका लागि त्याप-३ बाट प्राप्त रकमले काम गर्नका लागि सतिपोले-बाघखोर सडकखण्डमा वडा नं. ६ का निर्मला के.सी. (मलिबाङ), पवित्रा वि.क. (बाघखोर), तुलसा बुढाथोकी (पातेटाकुरी), विष्णुकुमारी मल्ल (रुमेटोल), निमा कामी (मलिबाङ), त्यसैगरी सेताढाँर-बाघखोर-फारुला सडकखण्डमा वडा नं. ४ का शशिला खत्री (सिंगारीकोट, सुरकली वि.क. (पुखात दलित बस्ती), लोकी कामी (पुखात दलित बस्ती), अमृता बुढाथोकी (सिंगारीकोट)लाई, मौलाहाले सडकखण्डमा वडा नं. ३ बाट गीता दाहाल, सीता वली र मलिबाङ सडकखण्डमा काम गर्न वडा नं. ३ बाट पवित्रा हमाललाई छनौट गर्ने निर्णय गरियो ।

१०. **प्रस्ताव नं. १०** माथि छलफल गर्दा ब्याक हो लोडर/जे.सी.बी. (हेभी सवारी) चालकलाई दैनिक ७ घण्टाभन्दा बढी काम गरेमा प्रोत्साहन बापत प्रतिघण्टा रु. १००।- (एक सय रुपैयाँ)का दरले दिने निर्णय गरियो । सार्वजनिक बिदाका दिनमा काम गरेमा उक्त दिन काम गरेको पूरै घण्टाको प्रतिघण्टा रु. १००।- (एक सय रुपैयाँ) कै दरले प्रोत्साहन दिने निर्णय गरियो ।